केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/गै.बै.वि.सं /१/०८०/८१

मिति: २०८१/०२/१८

**श्री कर्मचारी सञ्चय कोष र श्री नागरिक लगानी कोष ।**

महाशय,

श्री नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको प.सं.२०७६/२०७७ च.नं.३०३६ मिति २०७५/०७/३० को पत्रसाथ प्राप्त नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/०७/२५ को निर्णय अनुसार सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७न को उपदफा (२) बमोजिम कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषलाई सम्पत्ति शुद्धीकरण निवारणका लागि नियमनकारी निकायकारुपमा यस बैंकलाई तोकिएकाले कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषको लागि यस बैंकबाट जारी गरिएको सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्था १/०७६ लाई प्रतिस्थापन गरी संलग्नबमोजिम ***कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषका लागि सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्था*** जारी गरिएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

भवदीय,

(गुरु प्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**
(१) श्री नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार ।
(२) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(३) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(४) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरवार ।
(५) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(९) श्री नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाई ।

# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

### कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषका लागि सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्था

कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी लगायत सम्बद्ध कसुरसँग सम्बन्धित वित्तीय अपराध निवारण गर्ने सम्बन्धमा सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (यसपछि यस निर्देशनमा "ऐन" भनिएको) र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ (यसपछि यस निर्देशनमा "नियमावली" भनिएको) मा तोकिएका व्यवस्थाहरुका अतिरिक्त थप व्यवस्थाहरु गर्न मन्त्रिपरिषदको निर्णयबमोजिम देहायबमोजिमको निर्देशन जारी गरिएको छ।

**१. नीति तथा कार्यविधि सम्बन्धमा :**

ऐनको दफा ७त. को उपदफा (१) बमोजिम नीति तथा कार्यविधि बनाई लागु गर्दा सोही दफाको उपदफा (२) मा तोकिएका व्यवस्थाहरुका अतिरिक्त देहायबमोजिमका व्यवस्थाहरुलाई समेत समावेश गर्नुपर्नेछ।

(क) आन्तरिक जिम्मेवारी तथा कार्य विभाजन,

(ख) जोखिम मूल्याङ्कन प्रणालीको आधार तथा पद्धति,

(ग) जोखिममा आधारित ग्राहक पहिचान, अद्यावधिक तथा अनुगमन पद्धति,

(घ) अस्वाभाविक तथा शंकास्पद कारोबारको पहिचान पद्धति,

(ङ) ऐनको परिच्छेद ६ख. र सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण (सूचिकृत व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का) नियमावली, २०७० बमोजिम गर्नुपर्ने कार्यहरु सम्पन्न गर्ने पद्धति,

**२. ग्राहक पहिचान तथा सम्पुष्टि सम्बन्धमा :**

(१) ग्राहकको पहिचान तथा सोको सम्पुष्टि गर्दा ऐनको दफा ७क. र नियमावलीको नियम ४ तथा ५ बमोजिम गर्नुपर्नेछ।

(२) ग्राहक पहिचान गर्दा कानुनी व्यक्ति वा कानुनी प्रबन्ध (Legal Arrangement) को तहगत संरचना वा स्वामित्व रहेको देखिएमा प्रत्येक तहको र त्यस्तो व्यक्ति वा प्रबन्ध (Legal Arrangement) उपर नियन्त्रण गर्ने व्यक्ति फरक रहेको देखिएमा त्यस्ता व्यक्तिका अतिरिक्त नियमावलीको नियम ६ को उपनियम २ को बुँदा (क) बमोजिमको प्राकृतिक व्यक्तिको समेत पहिचान गर्नु पर्नेछ।

(३) कुनै प्राकृतिक व्यक्तिको कारोबारमा परिवार वाहेक अन्य कुनै व्यक्ति वास्तविक धनीको रुपमा रहेको शंका लागेमा सोको समेत पहिचान गर्नु पर्नेछ।

(४) कुनै पनि खातामा सम्बन्धित खाता सञ्चालक बाहेक अन्य कुनै व्यक्तिले रु.१ लाख भन्दा बढी रकम नगदै जम्मा गर्न आएमा रकम जम्मा गर्ने व्यक्तिको पहिचान खुल्ने कागजात लिई नगद जम्मा गर्नुको प्रयोजन समेत खुलाउनु पर्नेछ।

(५) ग्राहकको खाता खोल्ने सिलसिलामा सूचक संस्थाले सम्बन्धित ग्राहकमा निहित जोखिमको आधारमा देहाय बमोजिमका व्यक्तिहरुको ल्याप्चे सहिछाप वा बायोमेट्रक (Bio-Metric) लिन सक्ने।

* मिति २०७५/०७/२५ गते नेपाल सरकार मन्त्रिपरिषदको बैठकको निर्णय बमोजिम।

(क) प्राकृतिक व्यक्तिको हकमा खातावाला र खाता सञ्चालक व्यक्ति अन्य रहेकोमा निजको समेत ।

(ख) कानुनी व्यक्ति वा प्रबन्धको हकमा खाता सञ्चालक ।

(६) ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा यस निर्देशनको अनुसूची १.१ मा तोकिएका कागजात तथा विवरणहरु लिनु पर्नेछ । साथै, ऐन, नियमावली तथा यस निर्देशनबमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा सम्बन्धित ग्राहकमा निहित जोखिमको आधारमा थप कागजात तथा विवरणहरु लिन आवश्यक देखिएमा सो समेत लिनु पर्नेछ ।

३. **सूचीकृत व्यक्ति पहिचान सम्बन्धमा :**

**ऐनको परिच्छेद ६ख. अन्तर्गतको दफा २९ङ. को उपदफा (१) र (३) बमोजिम प्रकाशित सूची नियमित रुपमा हेर्नु पर्नेछ र सो सूचीकृत व्यक्ति, समूह वा संगठन आफ्नो ग्राहक भए नभएको यकिन गरी आदेशानुसारको कार्य गर्नु पर्नेछ ।**

४. **उच्च पदस्थ व्यक्ति पहिचान सम्बन्धमा :**

(१) ऐनको दफा ७ख. बमोजिम उच्च पदस्थ व्यक्तिको विशेष पहिचान वा यकिन गर्ने प्रयोजनका लागि देहायबमोजिमका संयन्त्रहरुको समेत स्थापना गर्नु पर्नेछ ।

(क) ग्राहकको खाता खोल्दा, ग्राहकसँग कारोबार गर्दा र ग्राहकको विवरण नियमित रुपले अद्यावधिक गर्दा उच्च पदस्थ व्यक्ति पहिचान हुने संयन्त्र,

(ख) उच्च पदस्थ व्यक्ति थपघट भएको अवस्थामा तत्काल पहिचान हुने संयन्त्र,

(ग) उच्च पदस्थ व्यक्तिको परिवार तथा सम्बद्ध व्यक्ति पहिचान हुने संयन्त्र,

(घ) उच्च पदस्थ व्यक्तिको पदीय हैसियत र संलग्नताबमोजिमको जोखिम पहिचान हुने संयन्त्र,

(२) उच्च पदस्थ व्यक्तिको पहिचान गर्दा देहायबमोजिमको प्रक्रियाहरु अवलम्बन गर्नु पर्नेछ :-

(क) ग्राहकबाट सूचना लिने वा स्वघोषणा गर्न लगाउने ।

(ख) सार्वजनिक रुपमा उपलब्ध सूचना ग्रहण गर्ने,

(ग) सामाजिक सञ्जालमा उपलब्ध सूचनाहरुको विश्लेषण गर्ने र

(घ) व्यावसायिक रुपमा उपलब्ध तथ्याङ्क (Data Base) लिने ।

(ङ) प्रचलित कानुनबमोजिम कुनै निकायमा राखिएको यससम्बन्धी अभिलेखबाट सूचना लिने ।

(च) नेपाल सरकार वा तोकिएका संस्था/निकायहरुबाट कम्तिमा पनि वार्षिक रुपमा सूची माग गरी उच्च पदस्थ व्यक्तिको सूची तयार गर्ने ।

(३) उच्च पदस्थ व्यक्तिका परिवार वा नजिकको सम्बन्ध भएका व्यक्तिहरुको सूचना तथा जानकारी संस्थाले जोखिमको आधारमा वा आवश्यकता अनुसार लिन सक्नेछन् ।

५. **वास्तविक धनी पहिचान सम्बन्धमा :**

(१) ऐनको दफा ७ग. तथा नियमावलीको नियम ६ बमोजिम वास्तविक धनीको पहिचान गर्न देहायबमोजिमका संयन्त्रहरुको स्थापना गर्नु पर्नेछ ।

(क) वास्तविक धनी पहिचान गर्ने संयन्त्र,

(ख) वास्तविक धनी र निजसँग सम्बद्ध कारोबारको सुक्ष्म अनुगमन गर्ने संयन्त्र र

(ग) वास्तविक धनी र निजसँग सम्बन्धित सम्पूर्ण कारोबारहरुको एकीकृत रुपमा अनुगमन गर्ने संयन्त्र ।

(२) वास्तविक धनी पहिचान गर्दा देहायबमोजिमको प्रक्रियाहरु अवलम्बन गर्नु पर्नेछ :-

(क) ग्राहकबाट सूचना लिने वा स्व-घोषणा गर्न लगाउने,

(ख) सार्वजनिक रुपमा उपलब्ध सूचना ग्रहण गर्ने,

(ग) सामाजिक सञ्जालमा उपलब्ध सूचनाहरुको विश्लेषण गर्ने,

(घ) प्रचलित कानुनबमोजिम राखिएको अभिलेखबाट सूचना लिने र

(ङ) व्यावसायिक रुपमा उपलब्ध तथ्याङ्क (Data Base) लिने ।

(च) नेपाल सरकारका सम्बन्धित निकाय वा संस्था वा अन्य निकायहरुबाट सुचना माग गर्ने ।

**६. सरलीकृत ग्राहक पहिचान सम्बन्धमा :**

संस्थाले ऐनको दफा ७च. र नियमावलीको नियम ९ बमोजिम सरलीकृत ग्राहक पहिचानको प्रक्रिया अवलम्बन गर्न सक्नेछन् । यसरी सरलीकृत ग्राहक पहिचान तथा सो को सम्पुष्टि गर्दा देहायबमोजिमका मापदण्ड/प्रक्रियाहरु अपनाउनु पर्नेछ ।

(१) सरलीकृत ग्राहक पहिचानका लागि उपयुक्त पद्धतिको विकास गर्नु पर्नेछ ।

(२) सरलीकृत ग्राहक पहिचान पद्धति अपनाइएका ग्राहकहरुको विवरण राख्नु पर्नेछ ।

(३) सरलीकृत ग्राहक पहिचान पद्धति अपनाई खोलिने खाताहरुको लागि छुट्टै फारामको विकास गर्नु पर्नेछ ।

(४) नियमावलीको नियम ९ को उपनियम (२) मा उल्लेख भएबमोजिम खोलिने खाताहरुको सम्बन्धमा यस बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) सरलीकृत वर्गीकरणमा परेका ग्राहकहरुको खाता खोल्ने, कारोबार गर्ने वा विवरण अद्यावधिक गर्ने क्रममा सरलीकृत प्रकृया, फाराम र विवरण मात्र प्रयोग गर्नुपर्नेछ ।

**७. बृहत ग्राहक पहिचान सम्बन्धमा :**

**(१) ऐनको दफा ७ङ. को उपदफा (१) मा उल्लेख भएका ग्राहकहरुका अतिरिक्त देहाय बमोजिमका ग्राहकहरुसँग व्यावसायिक सम्बन्ध स्थापना वा कारोबार गर्दा समेत वृहत ग्राहक पहिचान पद्धति अवलम्बन गर्नु पर्नेछ ।**

**(क) विद्युतीय माध्यमबाट हुने कारोबारअन्तर्गत प्रणालीगत रुपमा महत्वपूर्ण र अस्वाभाविक रुपमा वा शंकास्पद तवरवाट कारोबार गर्ने ग्राहक ।**

**(ख) उच्च नेटवर्थ भएका ग्राहक, (यस प्रयोजनका लागि उच्च नेटवर्थ जनाउने सीमा वा चरहरु (Variables), ग्राहक पहिचान विवरण र शंकास्पद कारोबारसम्बन्धी सुचकहरु (Red flag indicators) सूचक संस्थाहरुले आफै निर्धारण गर्नु पर्नेछ ।)**

**(ग) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी वा सम्बद्ध कसूर सम्बन्धी अपराधमा संलग्न हुन सक्ने आधार देखिएको वा शंका गर्नु पर्ने मनासिब कारण देखिएको ग्राहक,**

**(घ) भ्रष्टाचार, करछलीलगायत अन्य आपराधिक कार्यका आधारमा उच्च जोखिममा रहेका मुलुकका ग्राहक वा हाल वसोवास वा पेशा वा व्यवसाय गरिरहेको स्थान आदिको आधारमा जोखिममा रहेका ग्राहक । (यस प्रयोजनका लागि सूचक संस्थाले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था, देश, FATF को "High-Risk Jurisdictions subject to a Call for Action", "Jurisdictions under Increased Monitoring" मा सूचीकृत मुलुक र UN Sanction List बाट प्राप्त जानकारीको आधारमा सम्बन्धित मुलुकहरूको सूची तयार गरी नियमित रुपमा अद्यावधिक गर्नु पर्नेछ ।)**

**(ङ) नगदको वढी प्रयोग हुने व्यवसायमा संलग्न ग्राहक वा नयाँ वित्तीय प्रविधि वा उपकरण मार्फत् कारोबार गर्ने ग्राहक ।**

**(च) प्रचलित कानुनबमोजिम नैतिक पतन हुने कसूरजन्य कार्यमा संलग्न भई अदालतबाट कसूरदार ठहरिएको ग्राहक ।**

**(२)उपबुँदा नं. १ बमोजिमका ग्राहकहरुसँग व्यावसायिक सम्बन्ध स्थापना गर्दा वा कारोबार गर्दा नियमावलीको नियम ८ मा उल्लिखित उपायहरुका अतिरिक्त देहायका थप उपायहरु अवलम्बन गरी वृहत ग्राहक पहिचान पद्धति (Enhanced Customer Due Diligence, ECDD) अवलम्बन गर्नु पर्नेछ ।**

**(क) कारोबारको स्रोत पहिचान वा सम्पुष्टि गर्ने ।**

**(ख) कारोबारको उद्देश्यको जानकारी वा सोको प्रमाण लिने ।**

**(ग) कारोबारको अनुगमन गर्ने प्रयोजनका लागि सीमा निर्धारण गर्ने वा अन्य कुनै उपाय अवलम्बन गर्ने ।**

**(घ) अर्न्तराष्ट्रिय प्रचलन अनुसार ECDD गर्ने संयन्त्रको विकास गरी सो मार्फत् सूचना लिने ।**

**८ ग्राहक तथा वास्तविक धनी पहिचान अद्यावधिक गर्ने सम्बन्धमा :**

(१) संस्थाले ऐनको दफा ७ छ. को उपदफा (१) बमोजिम विद्यमान ग्राहक तथा वास्तविक धनीको सम्बन्धमा विद्युतीय माध्यमबाट विवरण राखी आवश्यक परेको बखत जुनसुकै समयमा परीक्षण तथा विश्लेषण गर्न वा नियमनकारी निकायले माग गरेको बखत तोकिएबमोजिमको ढाँचामा उपलब्ध गराउन सक्ने गरी अद्यावधिक गर्नुपर्नेछ ।

(२) संस्थाले ग्राहक पहिचान सम्बन्धी विवरणहरु देहायबमोजिम नियमित रुपले अद्यावधिक गर्नु पर्नेछ ।

(क) उच्च जोखिम देखिएका ग्राहकहरुको कम्तीमा वर्षको एक पटक तथा जोखिमको वर्गीकरण अनुसार ।

(ख) ग्राहक पहिचान विवरण अनुरुप कारोबार मेल नखाएको अवस्थामा तत्काल,

(ग) ग्राहक पहिचानको कार्य पुरा नभएको अवस्थामा तत्काल ।

(घ) ग्राहक पहिचान विवरणमा उल्लिखित सूचना, जानकारी तथा तथ्याङ्कको सत्यता वा पर्याप्तताको बारेमा सम्बन्धित संस्थालाई शंका लागेको अवस्थामा तत्काल ।

(ङ) संस्थाले जोखिम मुल्याङ्कनको आधारमा जोखिममा आधारित प्रणाली बमोजिम उच्च जोखिममा रहेका ग्राहकहरुको विवरण अद्यावधिक गर्ने संयन्त्र स्थापित गर्नु पर्नेछ ।

(३) संस्थाको कुनै पदाधिकारी वा कर्मचारीले ग्राहकको बारेमा प्रत्यक्ष वा अप्रत्यक्ष, औपचारिक वा अनौपचारिक रुपमा प्राप्त गरेको सूचनाको विश्लेषण गरी ग्राहक पहिचानलाई अद्यावधिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) पुरानो ग्राहक पहिचान अद्यावधिक गर्दा आफूसँग भएको पूर्व सूचना वा कागजात बाहेक परिवर्तन भएको, हुन सक्ने र नयाँ विवरण तथा कागजात मात्र सम्बन्धित ग्राहकसँग माग गर्नु पर्नेछ । साथै, ग्राहक स्वयं उपस्थित भई उपलब्ध गराउनुपर्ने वा अद्यावधिक गराउनु पर्ने विवरण बाहेक अन्य विवरणहरु संस्थाले अन्य उपयुक्त माध्यमबाट लिन सक्नेछन् ।

(५) ग्राहकको विवरण अद्यावधिक गर्दा वित्तीय जानकारी इकाईलाई दिनुपर्ने न्यूनतम सूचना वा जानकारी लिनु पर्नेछ ।

(६) **ग्राहक पहिचान गर्दा तथा ग्राहकको विवरण अद्यावधिक गर्दा** वित्तीय जानकारी इकाईलाई दिनुपर्ने न्यूनतम सूचना वा जानकारी लिनु पर्नेछ ।

(७) कुनै व्यक्तिको प्रथमपटक खाता खोल्दा माग गरिएका सम्पूर्ण विवरणहरु सहित प्रत्येक पटक ग्राहक पहिचान गर्दा सम्बन्धित ग्राहकको जोखिमको आधारमा मात्र माग गर्ने गरी ग्राहक पहिचान सम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्नुपर्नेछ ।

(८) ग्राहक तथा वास्तविक धनीको पहिचान गर्दा संस्थाले अनिवार्य रुपमा जोखिममा आधारित ग्राहक पहिचान प्रक्रिया अवलम्बन गर्नुपर्नेछ । सबै वर्गका ग्राहक तथा वास्तविक धनीको पहिचान गर्न, अद्यावधिक गर्न र

थप जानकारी माग गर्न एउटै विधि तथा प्रक्रिया अवलम्बन नगरी सम्बन्धित ग्राहक, कारोबार, स्थान र सेवाको प्रकृति अनुसार जोखिम अनुमान गरी सोको आधारमा गर्नुपर्नेछ ।

(९) ग्राहक तथा वास्तविक धनीको पहिचान एवं अद्यावधिक गर्ने कार्यलाई संस्थाले आफ्नो नीति तथा कार्यक्रमको मुख्य कार्ययोजनामा समावेश गरी सोको नियमित रुपमा अनुगमन गर्ने व्यवस्था गर्नुपर्नेछ ।

## ९. जोखिम व्यवस्थापन सम्बन्धमा :

(१) संस्थाले ऐनको दफा ७घ. र दफा ३५ बमोजिम जोखिमको पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गर्दा देहाय बमोजिमका विषयलाई समेत आधार लिनु पर्नेछ ।

(क) मुलुकको राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्याङ्कन सम्बन्धी प्रतिवेदन,

(ख) AML/CFT को सम्बन्धमा कुनै प्रतिष्ठित अन्तर्राष्ट्रिय संस्थाले गरेको अध्ययन तथा अनुसन्धानको प्रतिवेदन,

(ग) व्यावसायिक सम्बन्ध, कारोबारको सीमा र प्रकृति,

घ) एकीकृत रूपमा विद्युतीय माध्यममा राखी जोखिम सापेक्ष हुने गरी तयार गरिएको ग्राहक पहिचानसँग सम्बन्धित विवरण,

(ङ) ग्राहक पहिचान गर्दा ग्राहक एकीकृत पहिचान पद्धति अवलम्बन गरे नगरेको सुनिश्चित गर्ने । फरक फरक सेवा सुविधा लिने ग्राहकको आवश्यकता अनुसारको थप विवरणसमेत एकै ठाँउमा थप गर्न सकिने गरी आवश्यक व्यवस्था गर्ने ।

(२) उपबुँदा नं.(१) बमोजिम पहिचान गरिएको जोखिमलाई उच्च तथा न्यून जोखिममा वर्गीकरण गर्नु पर्नेछ । सम्बन्धित संस्थाले आवश्यकता अनुसार जोखिमको समीक्षाको आधारमा थप वर्गीकरण गर्न सक्नेछन् ।

(३) प्रत्येक आर्थिक वर्षको पहिलो त्रयमास भित्र AML/CFT सम्बन्धी जोखिमको विश्लेषण अद्यावधिक गरी सोहीबमोजिम नीति तथा कार्यविधिमा आवश्यक परिमार्जन गर्नु पर्नेछ । साथै, संस्थाले जोखिमको मूल्याङ्कन गरेको र उक्त मूल्याङ्कन जोखिमबमोजिम भए/नभएको यकिन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(४) जोखिम मूल्याङ्कन तथा समीक्षा सम्बन्धी प्रतिवेदन अनुसूची १.२ मा तोकिएको ढाँचामा त्रैमास समाप्त भएको मितिले १५ दिनभित्र यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभाग/महाशाखा तथा वित्तीय जानकारी ईकाईमा पेश गर्नु पर्नेछ ।

(५) आन्तरिक तथा बाह्य लेखापरीक्षकले AML/CFT प्रणाली जोखिमका आधारमा स्वचालित भए नभएको अनुगमन गर्ने र त्यस्तो अनुगमनमा लक्षित वित्तीय कारबाही, उच्च पदस्थ व्यक्ति, उच्च जोखिम रहेको मुलुक, क्षेत्र तथा उच्च जोखिमयुक्त उत्पादन, उपकरण, सेवा तथा कारोबारको अनुगमन हुने व्यवस्था भए नभएको सुनिश्चित गर्ने ।

(६) संस्थाले प्रतिवेदन वा सूचना दिनका लागि उपर्युक्त सूचना प्रविधि प्रणाली र सो सम्बन्धी कार्यविधि तर्जुमा गरी समयमै गुणस्तरीय प्रतिवेदन पेस गर्ने व्यवस्था निश्चित गर्ने ।

(७) संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको पहिलो त्रयमासभित्र AML/CFT सम्बन्धी जोखिमको पहिचान तथा मूल्याङ्कन गरी सोको त्रैमासिक प्रतिवेदन यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभाग/महाशाखा तथा वित्तीय जानकारी ईकाईमा पेश गर्नु पर्नेछ । **यसरी जोखिम मूल्याङ्कन गर्दा सम्बन्धित संस्थाले आफ्नो सेवा (Product), ग्राहक (Customer), भौगोलिक क्षेत्र (Geographic Location) तथा सेवा प्रवाह गर्ने माध्यम (Delivery Channel) लगायतमा हुन सक्ने जोखिम पहिचान एवं विश्लेषण गरी सोको मूल्याङ्कन गर्नुपर्नेछ ।**

(८) **उपबुँदा (७) बमोजिम पहिचान गरिएको जोखिमलाई उच्च, मध्यम तथा न्यून जोखिममा वर्गीकरण गर्नु पर्नेछ ।**

(९) **संस्थाले जोखिमका आधारमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा गनुपर्ने कार्यक्रमहरु तय गरी उक्त कार्यक्रमहरू आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्नेछ ।**

**१०. प्रविधिगत पहिचान तथा सूचना संकलनको प्रणालीगत व्यवस्था सम्बन्धमा:**

ग्राहक तथा वास्तविक धनी लगायतका व्यक्तिको आधारभूत सूचना तथा कागजात सहितका अन्य विवरण जोखिमका आधारमा नियमित रुपमा विद्युतीय प्रविधिको प्रयोग गरी अद्यावधिक गर्नु पर्नेछ र सो कार्यका लागि सूचना प्रविधि पोर्टल विकास गरी कार्यान्वयन गर्नुपर्नेछ ।

**११. विद्युतीय माध्यमबाट सूचना दिने:**

संस्थाले वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्ने सीमा तथा शंकास्पद कारोबार/गतिविधिको प्रतिवेदन (TTR/STR/SAR) लाई विद्युतीय माध्यमबाट पेश गर्नका लागि सूचक संस्थाको कोर सिस्टम वा अन्य विद्युतीय माध्यममा ग्राहकका विवरण समयमै अद्यावधिक गरी नियमावलीको नियम १४ अनुसार अनिवार्य रुपमा विद्युतीय माध्यम (goAML Software System) मार्फत् पेश गर्नु पर्नेछ ।

**१२. निरन्तर अनुगमन सम्बन्धमा :**

संस्थाले ऐनको दफा ७झ. बमोजिम निरन्तर अनुगमन (Ongoing Due Diligence) गर्नुपर्नेछ ।

**१३. सीमा कारोबार सम्बन्धमा :**

ऐनको दफा १०क. बमोजिम कुनै ग्राहकको खातामा एकै पटक वा पटक-पटक गरी नेपाली क्यालेण्डर अनुसारको एक महिनामा रु. १० लाख वा सो भन्दा बढी रकमको जम्मा वा भुक्तानी/खर्च कारोबार भएमा कारोबार भएको मितिले १५ दिनभित्र goAML (Production Environment) मार्फत वित्तीय जानकारी इकाईमा सीमा कारोबार विवरण (Threshold Transaction Report-TTR) पेश गर्नुपर्नेछ ।

**१४. शंकास्पद कारोबार/गतिविधि प्रतिवेदन (Suspicious Transaction/Activity Reports – STR/SAR) सम्बन्धमा :**

(१) ऐनको दफा ७ढ. को उपदफा (१) मा उल्लिखित खास कारोबारका सम्बन्धमा **संस्थाले** शंकास्पद कारोबार/**गतिविधि** पहिचान गर्ने प्रणालीको विकास गर्नु पर्नेछ ।

(२) ऐनको दफा ७ध. बमोजिमको अवस्थाहरु विद्यमान भएमा शंकास्पद कारोबार/गतिविधि (Suspicious Transaction/Activity Report - STR/SAR) तत्काल goAML System मार्फत् वित्तीय जानकारी इकाई समक्ष पेश गर्नु पर्नेछ । सो प्रतिवेदन तयार गर्दा वित्तीय जानकारी इकाईले जारी गरेको मापदण्डहरुलाई आधार मान्नु पर्नेछ ।

(३) अनुसन्धान गर्ने निकायहरुबाट अनुसन्धानका सिलसिलामा कुनै व्यक्ति वा संस्थाको विवरण वा सूचना माग गरेको **विषय शंकास्पद कारोबारको विषय समेत भएको देखिएमा त्यस्तो ग्राहकको शंकास्पद कारोबार/गतिविधि प्रतिवेदन (Suspicious Transaction/ Activity Report) वित्तीय जानकारी इकाईसमक्ष पेश गर्नुपर्नेछ ।** त्यस्तो शंकास्पद कारोबार प्रतिवेदनमा नयाँ तथ्य वा विषय जानकारीमा रहेको अवस्थामा बाहेक अतिरिक्त सूचनाको रुपमा अभिलेख राख्नुपर्नेछ ।

(४) शंकास्पद कारोबारको पहिचान, प्रतिवेदन लगायतका व्यवस्था अवलम्बन गर्दा जोखिमको मूल्याङ्कन, ग्राहक पहिचान, कारोबार र जोखिममा आधारित प्रणालीको आधारमा गर्नु पर्दछ ।

## १५. सूचनाको गोप्यता सम्बन्धमा (Suspicious Transaction Reporting) :

संस्थाका पदाधिकारी तथा कर्मचारीहरुले ऐन, नियमावली तथा यस निर्देशनबमोजिम तयार गरिएका प्रतिवेदन, कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी ग्राहक वा अन्य कुनै व्यक्तिलाई जानकारी दिनु हुँदैन । कसैले ग्राहक वा अन्य कुनै व्यक्तिलाई कुनै प्रतिवेदन, कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी उपलब्ध गराएको पाइएमा ऐनको दफा ३७ बमोजिम बचाऊ हुने अवस्थामा बाहेक अन्य अवस्थामा दफा ४४क. बमोजिम सजाय हुनेछ ।

## १६. आन्तरिक नियन्त्रण सम्बन्धमा :

(१) संस्थाको संचालक समितिले ऐन, नियमावली र यस निर्देशनको पालना हुने गरी आवश्यक आन्तरिक नीति तथा कार्यविधि वा नियन्त्रण प्रणालीको तर्जुमा गरी लागु गर्नु पर्नेछ ।

(२) ऐनको दफा ७त. को उपदफा (३) बमोजिम ऐन, नियमावली र यस निर्देशन बमोजिमको दायित्व निरन्तर रुपमा पूरा गर्न व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी नियुक्त गरी निजको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्बर, इमेल लगायतका विवरण वित्तीय जानकारी इकाई (**goAML मार्फत**) **तथा सम्बन्धित सुपरिवेक्षण गर्ने निकाय** समक्ष पेश गर्नु पर्नेछ । साथै, कार्यान्वयन अधिकारी परिवर्तन भएमा वा निजको विवरणमा परिवर्तन भएमा **एक हप्ता भित्र** सोकोसमेत जानकारी पठाउनु पर्नेछ ।

(३) उपबुँदा नं.२ बमोजिम नियुक्त कार्यान्वयन अधिकारीको काम, कर्तव्य तथा अधिकार ऐनको दफा ७त. को उपदफा (४) बमोजिमको अतिरिक्त देहाय बमोजिम समेत हुने गरी तोक्नु पर्नेछ ।

(क) ऐन, नियमावली र यस निर्देशन बमोजिमको कार्य प्रभावकारी वनाउन Focal Point को रुपमा काम गर्ने,

(ख) ऐन, नियमावली र यस निर्देशन बमोजिमको कार्य प्रभावकारी रुपमा गर्न नीति, कार्यविधि र प्रणाली मस्यौदा तर्जुमा गरी पेश गर्ने,

(ग) विभाग, पदाधिकारी तथा कर्मचारीवाट ऐन, नियमावली र यस निर्देशन बमोजिम प्राप्त अस्वभाविक वा शंकास्पद कारोबार सम्वन्धी सूचना विश्लेषण तथा जाँचबुझ गर्ने,

(घ) आफ्नो कार्य सम्पादन गर्न अन्य विभाग वा पदाधिकारीसँग विशेषज्ञ सेवा लिन वा आवश्यक जुनसुकै कागजात, विवरण वा सूचना निर्वाध रुपमा जुनसुकै बखत प्राप्त गर्न सक्ने,

(ङ) ऐन, नियमावली तथा यस निर्देशनबमोजिमको विषय कार्यान्वयन भए नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्ने,

(४) संस्थाले व्यवस्थापकीय तहको अनुपालना अधिकारी प्रमुख (Compliance Officer) रहने गरी एक अलग्गै AML/CFT विभाग/इकाई खडा गर्नु पर्नेछ ।

(५) कार्यान्वयन अधिकारीले ऐन, नियमावली तथा यस निर्देशनबमोजिमको विषय कार्यान्वयन गर्ने सिलसिलामा माग गरेको आवश्यक सूचना, जानकारी, कागजात, अभिलेख वा विवरण उपलब्ध नगर्ने सम्बन्धित संस्थाका पदाधिकारी वा कर्मचारीलाई विभागीय कारबाहीको सिफारिस गर्नु पर्नेछ र सो सिफारिस बमोजिम सम्बन्धित संस्थाले कारबाही गर्नु पर्नेछ। यसरी गरिएको कारबाहीको जानकारी वित्तीय जानकारी इकाईलाई गराउनु पर्नेछ ।

(६) संस्थाले सञ्चालक समितिका सदस्यहरु तथा उच्च व्यवस्थापन र कर्मचारीहरुलाई देहायबमोजिम हुने गरी संस्थागत क्षमता अभिवृद्धि कार्यक्रममा सहभागी गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(क) संस्थाको चुक्ता पुँजीको दुई प्रतिशत वा सोभन्दा वढी सेयर स्वामित्व भएका सेयरधनी, सञ्चालक समितिका सदस्यहरु तथा उच्च व्यस्थापनलाई यस विषयको गाम्भीर्यताका बारेमा ज्ञान आदानप्रदान (Knowledge Sharing) कार्यक्रम सञ्चालन गर्ने ।

(ख) कर्मचारीको हकमा क्षमता अभिवृद्धिका लागि नियमित रुपले ज्ञान प्रदान गर्ने कार्यक्रममा सहभागी गराउने ।

(ग) कार्यान्वयन अधिकारी र AML/CFT Unit को कार्यमा प्रत्यक्ष तथा नियमित रुपमा संलग्न अन्य कर्मचारीहरुलाई AML/CFT सम्बन्धी बिषयमा उपयुक्त स्वदेशी तथा वैदेशिक तालिम कार्यक्रममा सहभागी गराउने ।

(७) वित्तीय संस्थाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जोखिमको आधारमा आफ्नो संस्थाको कामकारबाही, कार्य प्रकृति र ग्राहक सेवाको आधारमा शंकास्पद कारोबारको पहिचान सम्बन्धमा विस्तृत मार्गदर्शन तयार गरी लागु गर्ने र सामयिक रुपमा अद्यावधिक गर्नु पर्नेछ ।

(८) कम्पनीको नीति र कार्यविधिमा आतङ्ककारी क्रियाकलाप तथा आमविनाशकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी **छुट्टै** प्रावधान राख्नु पर्नेछ । साथै, **सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को परिच्छेद ६ख. मा उल्लेखित व्यवस्था पालन हुने गरी** संस्थाले आतङ्ककारी क्रियाकलाप र आमविनाशकारी हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानीसँग सम्बन्धित विषयहरूको पहिचान, **निरन्तर** अनुगमन तथा **वित्तीय जानकारी इकाई र सम्बन्धित सुपरिवेक्षण गर्ने निकायलाई** प्रतिवेदनका **पेश गर्नका** लागि आवश्यक संयन्त्र **तथा कार्यप्रणाली**को बिकास गर्नु पर्नेछ ।

(९) **अनुमतिपत्रप्राप्त संस्थाको सञ्चालक समिति, कार्यकारी प्रमुख तथा कर्मचारीहरूले पालना गनुपर्ने आचरण सम्बन्धमा सदाचार नीति (Code of Conduct) तर्जुमा गरी लागू गर्नु पर्नेछ ।**

(१०) **कम्तीमा तीन महिनामा एक पटक ऐन, नियमावली र यस निर्देशनबमोजिम भए/गरेका काम कारबाहीको प्रतिवेदन सञ्चालक समितिमा पेश गर्नु पर्नेछ । उक्त प्रतिवेदनका सम्बन्धमा सञ्चालक समितिले आवश्यक समीक्षा गरी उपयुक्त निर्णय गर्नु पर्नेछ ।**

## १७. अभिलेख व्यवस्थापन सम्बन्धमा :

संस्थाले ऐनको दफा ७द. र नियमावलीको नियम १२ बमोजिम तयार भएका विवरण, सूची, जानकारी, प्रतिवेदन, अभिलेख, सूचनाहरु पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ । साथै, उपरोक्त विवरणहरु आवश्यक परेको बखत तत्काल उपलब्ध गराउन सकिने गरी विद्युतीय माध्यममा समेत अभिलेख राख्नु पर्नेछ । यसरी राखेको अभिलेख कानुनी कारबाहीको सिलसिलामा प्रमाणस्वरुप प्रयोग गर्न सकिने गरी दुरुस्त राख्नु पर्नेछ ।

## १८. कारबाही तथा सजाय सम्बन्धमा :

(१) यस व्यवस्थाको प्रभावकारी कार्यान्वयन नगर्ने संस्था र त्यस्तो संस्थाका कर्मचारी तथा पदाधिकारीलाई सम्पत्ति शुद्धीकरण ऐन बमोजिमको कारबाही हुनेछ ।

(२) उपबुँदा नं.१ बमोजिम कारबाही गर्दा ऐन, नियमावली तथा निर्देशनको पालना नभएको अवस्था, उल्लघंनको मात्रा र सोबाट पर्न सक्ने प्रणालीगत प्रभाव लगायतका विषयको गाम्भीर्यताका आधारमा यस बैंकले देहायबमोजिमको कारबाहीहरु गर्न सक्नेछ ।

| क्र.सं. | पालना नभएको व्यवस्था | कारवाही |
|---|---|---|
| १. | नीति तथा कार्यविधि नभएमा | • पहिलो पटकका लागि लिखित रुपमा सचेत गराउने ।<br>• दोस्रो पटकदेखि रु. १० लाख वा गाम्भीर्यताको आधारमा रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| २. | ग्राहक पहिचानसम्बन्धी व्यवस्था कार्यान्वयन नभएमा | • पहिलो पटकका लागि लिखित रुपमा सचेत गराउने ।<br>• दोस्रो पटकका लागि रु. १० लाख जरिवाना गर्ने । |

| क्र.सं. | पालना नभएको व्यवस्था | कारवाही |
|---|---|---|
| | | • तेश्रो पटकदेखि रु. ५० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने । |
| ३. | जानीबुझी बेनामी वा काल्पनिक नाममा कारोबार गरेको पाइएमा | रु. ५० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने । |
| ४. | ऐनको परिच्छेद ६ख को व्यवस्था पालना भएको नपाइएमा | • पहिलो पटकका लागि रु. २० लाख जरिवाना गर्ने ।<br>• दोस्रो पटकका लागि रु. ५० लाख जरिवाना गर्ने ।<br>• तेश्रो पटकदेखि रु. २ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने ।<br>• पटक पटक प्रणालीगत समस्या भएमा कारोबार वा व्यवसायमा आंशिक वा पूर्ण रोक लगाउने वा इजाजतपत्र निलम्वन वा खारेज गर्ने सम्मको कारबाही गर्ने । |
| ५. | उच्चपदस्थ व्यक्तिको पहिचान हुने प्रणालीको व्यवस्था नभएमा | • पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>• दोस्रो पटकका लागि रु. २० लाख जरिवाना गर्ने ।<br>• तेस्रो पटकदेखि रु. १ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| ६. | वास्तविक धनीको पहिचान गर्ने, वृहत ग्राहक पहिचान गर्ने तथा ग्राहक पहिचान अद्यावधिक गर्ने व्यवस्था नभएमा | • पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>• दोस्रो पटकका लागि रु. २० लाख जरिवाना गर्ने ।<br>• तेस्रो पटकदेखि रु. १ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| ७. | जोखिम व्यवस्थापन समितिले तोकिए बमोजिम कार्य गरेको नपाइएमा | • रु. १० लाख वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने । |
| ८. | निरन्तर अनुगमन सम्बन्धी व्यवस्था नभएमा | • पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>• दोस्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने । |
| ९. | शंकास्पद कारोबारको पहिचान गर्ने संयन्त्र/प्रणाली नभएमा तथा शंकास्पद कारोबार प्रतिवेदन तोकिएको ढाँचा र समयमा पेश नगरेमा | • पहिलो पटकका लागि रु. २० लाख जरिवाना गर्ने ।<br>• दोस्रो पटकका लागि रु. ५० लाख जरिवाना गर्ने ।<br>• तेस्रो पटकदेखि रु. १ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| १०. | कार्यान्वयन अधिकारीको व्यवस्था नगरेमा | • रु. २० लाख जरिवाना गर्ने । |
| ११. | संस्थागत तथा कर्मचारीको क्षमता अभिवृद्धि नगरेमा | • पहिलो पटकका लागि लिखित रुपमा सचेत गराउने ।<br>• दोस्रो पटकका लागि  रु. १० लाख जरिवाना गर्ने ।<br>• तेश्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्यताअनुसार थप जरिवाना गर्ने । |

| क.सं. | पालना नभएको व्यवस्था | कारवाही |
|---|---|---|
| १२. | तोकिएका विवरणहरुको अभिलेख नराखिएमा वा तोकिएको समयसम्म सुरक्षित नराखिएमा | • पहिलो पटकका लागि लिखित रुपमा सचेत गराउने ।<br>• दोस्रो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>• तेश्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्यताअनुसार थप जरिवाना गर्ने । |

(३) यस बुँदाबमोजिम गरिने कारबाही अपर्याप्त भएको लागेमा सम्पत्ति **शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ तथा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३** बमोजिम यस बैंकले थप कारबाही गर्न सक्नेछ ।

(४) संस्थालाई यस बुँदाबमोजिम कारबाही वा सजाय भएमा र त्यस्तो सजाय उक्त संस्थाको कुनै पदाधिकारी वा कर्मचारीको काम कारबाहीको कारणले भएको देखिएमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई सम्वन्धित संस्थाले प्रचलित कानुन वा संस्थाको विनियमावली बमोजिम कारबाही गर्नु पर्नेछ ।

१९. **खारेजी र बचाऊ :**

**(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छः-**

**कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष तथा हुलाक बचत बैंकलाई जारी गरिएको सम्पत्ति शूद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्था (निर्देशन नं. १/०७६) तथा सोपश्चात् मिति २०७९ असार मसान्तसम्म जारी भएका यसैसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।**

**(२) ऐन, नियमावली र यस निर्देशनले बन्देज लगाएको अवस्थाहरुमा बाहेक उपबुँदा (१) बमोजिम खारेज गरिएको निर्देशनबमोजिम भए गरेका सम्पूर्ण काम कारबाहीहरु यसै निर्देशनबमोजिम भए गरेको मानिनेछ ।**

# ग्राहक पहिचान तथा सोको सम्पुष्टि गर्दा लिनु पर्ने कागजात तथा विवरणहरु

संस्थाहरुले कुनै पनि ग्राहकको खाता खोल्दा ग्राहकको प्रकृति अनुसार देहायका विवरण तथा कागजातहरु लिनु पर्नेछ ।

**(क) <u>व्यक्तिगत खाता (नेपाली नागरिकको हकमा)</u>**

(१) नाम, थर लिङ्ग :

(२) जन्म मिति : राष्ट्रियताः

(३) स्थायी ठेगानाः
जिल्ला.............. न.पा. ⁄ गा.पा................ वडा नं.... टोल ⁄ गाँउ..........घर नम्बर...........
टेलिफोन नं.................मोवाइल नं....................इमेल ठेगाना.....................

(४) हालको ठेगानाः
जिल्ला.............. न.पा. ⁄ गा.पा................. वडा नं.... टोल ⁄ गाँउ..........घर नम्बर...........
टेलिफोन नं.................मोवाइल नं....................इमेल ठेगाना.....................

(५) देहायबमोजिमको न्यूनतम एक विवरण र सोको सम्पुष्टि गर्ने कागजात
<u>क. नागरिकता</u>
नागरिकता नं..........जारी गर्ने जिल्ला............... जारी मिति...............
<u>ख. राहदानी</u>
राहदानी नं.............जारी गर्ने जिल्ला............... जारी मिति......... अन्तिम मिति .....................
<u>ग. मतदाता परिचयपत्र</u>
परिचयपत्र नं..........जारी गर्ने निकाय.................जारी मिति...............
<u>घ. सवारीचालक अनुमतिपत्र</u>
अनुमतिपत्र नं........जारी गर्ने निकाय..................जारी मिति........ अन्तिम मिति .....................

(६) नागरिकता नलिएको नेपाली नागरिकको हकमा
<u>क. गाउँपालिका वा महा ⁄ उपमहा ⁄ नगरपालिकाको सिफारिस</u>
सिफारिस ⁄ चलानी नं.................जारी गर्ने निकाय....................... जारी मिति...............

(७) स्थायी लेखा नम्बर (उपलब्ध भएको ⁄ अन्य निर्देशन बमोजिम आवश्यक भएको हकमा मात्र)ः

(८) आमाबाबु वा आमा वा बाबु मध्ये कुनै एकको पूरा नाम
*(नोटः परिवारका अन्य सदस्यहरु (जस्तै पति ⁄ पत्नि, बाजे, छोरा, छोरी, बुहारी, दाई, भाई, विवाहित महिलाको हकमा ससुरा ⁄ सासु)को विवरण संस्थाले आवश्यक ठानेको खण्डमा लिन सक्नेछन् ।)*

(९) संलग्न रहेको पेशा ⁄ व्यवसायः
*(संस्थाको नाम, ठेगाना, सम्पर्क नं., पद, अनुमानित वार्षिक आम्दानी ⁄ पारिश्रमिक तथा अन्य विवरण)*

(१०) निवेदकले संलग्न गनुपर्ने कागजातहरुः

(अ) नागरिकता वा राहदानी **वा मतदाता परिचयपत्र वा सवारी चालक अनुमतिपत्र** वा स्थायी लेखा नम्बरको प्रमाणपत्र वा सरकारी, सार्वजनिक संस्था तथा संगठित संस्थाका नेपाली कर्मचारीको हकमा निजको कर्मचारी परिचयपत्र वा नेपाल सरकारबाट अनुदानप्राप्त विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयका कर्मचारी, शिक्षक वा प्राध्यापकको हकमा निजको

कर्मचारी/शिक्षक/प्राध्यापक परिचयपत्रको छविचित्र

(आ) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो

(११) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

**स्पष्टीकरण:**

(१) घर नं., टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना, राहदानी, पेशा व्यवसाय, स्थायी लेखा नम्बर जस्ता विवरणहरु नभएका निवेदकको हकमा त्यस्ता विवरण उल्लेख गर्न अनिवार्य हुने छैन । तर सो विवरणहरु आफूसँग नरहेको व्यहोरा स्वघोषणा गराउनु पर्नेछ ।

(२) शरणार्थीको हकमा नागरिकताको सट्टा नेपाल सरकार वा अन्य आधिकारिक निकायले दिएको परिचय-पत्रको छबिचित्रलाई आधार लिन सकिनेछ ।

अनुसूची-१.२

**AML/CFT सम्बन्धी त्रैमासिक विवरण**

संस्थाको नामः........................................

आर्थिक वर्ष : ..........    त्रैमास : .........

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | जम्मा ग्राहकको संख्या | | |
| २ | पहिचान अद्यावधिक हुन नसकेका ग्राहकको संख्या | | |
| ३ | पहिचान पूरा नभएका कारण सम्बन्ध अन्त्य गरिएका ग्राहकको संख्या | | |
| ४ | उच्च जोखिममा परेका ग्राहकको संख्या | | |
| ५ | मध्यम जोखिममा परेका ग्राहकको संख्या | | |
| ६ | न्यून जोखिममा परेका ग्राहकको संख्या | | |
| ७ | बृहत पहिचान गरिएका ग्राहकको संख्या | | |
| ८ | उच्च पदस्थ पदाधिकारीको संख्या | | |
| ९ | वास्तविक धनी पहिचान गरिएका ग्राहकको संख्या | | |
| **१०** | **goAML Reporting** | **-** | |
| (क) | सीमा कारोबार प्रतिवेदन (Threshold Transaction Report) को संख्या | | |
| (ख) | शंकास्पद कारोबार/गतिविधि प्रतिवेदन (STR/SAR) पेश गरेको संख्या। | | |
| **११** | **क्षमता अभिवृद्धि विवरण** | **-** | |
| (क) | पदाधिकारी | | |
| (ख) | कर्मचारी | | |
| १२ | सञ्चालक समितिमा AML-CFT सम्बन्धी छलफल भएको (पटकमा) | | |

(कार्यान्वयन अधिकारी)

.............................
हस्ताक्षर
नामः
पदः
मितिः
फोनः
Email: